स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



चलचित्र "यानी माया"मा अञ्जना पुनले मुख्य अभिनेत्रीको रुपमा अभिनय गर्ने हुनुभएको छ । विगत एक दशकदेखि मोडलिङ क्षेत्रमा सक्रिय अञ्जनाले यसै चलचित्रबाट ठूलो पर्दामा डेब्यु गर्न लाग्नुभएको हो । यो चलचित्र अभिनेता पल शाहले आफ्नो ब्यानर "पल शाह फिल्मस"मार्फत निर्माण गर्न लागेको पहिलो प्रोजेक्ट हो । अञ्जनाले "मिस मगर हङ्कङ-२०१४" र "मिस हङ्कङ नेपाल २०२३" जस्ता उपाधिहरु जित्नुभएको छ ।

**आजको विचार...**



गाउँ...
(दुई पेजमा)

अनन्तप्रसाद घिमिरे



चलचित्र "बाटुलो जुन"को छायांकन आरम्भ गरिएको छ । शनिबार धादिङको नौबिसेस्थित काउलेबाट यसको छायांकन आरम्भ गरिएको हो । अबको ५० दिनसम्म यो सोसल ड्रामा फिल्मको छायांकन पोखरा, रुकुमलगायत पश्चिम पहाडी जिल्लामा हुने चलचित्रका निर्देशक भुवन केसीले जानकारी दिनुभयो । छायांकन सुरु भएको दिन शनिबार यो फिल्मको टिजर पोष्टर सार्वजनिक गरिएको छ जहाँ प्रिन्सी खतिवडा र अभिनेता अनमोल केसीलाई चित्रण गरिएको छ ।

❒ वर्ष ३० ❒अंक ३३७ ❒ २०८२ असार १८ गते बुधबार 2 July 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# बगनासकाली गाउँ सरकारको मध्यकालीन खर्च संरचना तयार

**कृष्ण पोखरेल**

**पाल्पा,** असार १७/जिल्लाको बगनासकाली गाउँपालिकाले मध्यकालीन खर्च संरचना (एमटिइएफ) तयार पारेको छ । पालिकाले आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहित यस्तो संरचना तयार पारेको हो ।

एमटिइएफलाई वार्षिक बजेट र आवधिक योजनाबीचको पुल मानिन्छ । गाउँपालिकाको, विकास योजना र वार्षिक बजेट बीच सन्तुलन र समन्वय कायम गर्न, पालिकाको सीमित स्रोतलाई दीर्घकालीन विकास लक्ष्यसँग जोडेर प्राथमिकता निर्धारण गर्न, पालिकाको आगामी तीनदेखि पाँच वर्षसम्मको अनुमानित आय र खर्चको पूर्वानुमान तयार गर्न, तथा पालिकाको अनावश्यक खर्च घटाएर, परिणाममुखी खर्च प्रणाली विकास गर्न ३ बर्षे मध्यमकालीन खर्च संचरना निर्माण गरिएको पालिकाले जनाएको छ । मध्यमकालीन खर्च संचरना प्रतिवेदन बारेमा छलफल गर्दै गाउँपालिका अध्यक्ष सरस्वती दर्लामी चिदीले गाउँपालिकाको स्रोत व्यवस्थापनलाई पारदर्शी



प्रभावकारी र परिणाममुखी बनाउँदै, दीर्घकालीन विकास लक्ष्य हासिल गर्न संरचनाले स्पष्ट बाटो देखाउने बताईन् । पालिकाको बजेट तथा कार्यान्वयन पक्षलाई पारदर्शी र उत्तरदायी बनाउनको लागि मध्यमकालीन खर्च संरचना निर्माण गरेको उनको भनाई छ ।

*-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### विस्फोटमा ३६ को मृत्यु



**(रासस/एपी)**

**हैदराबाद, असार १७**/भारतको दक्षिणी राज्य तेलङ्गानाको एक औषधि कारखानामा सोमबार भएको ठूलो विस्फोट र आगलागीमा ज्यान गुमाउनेको संख्या कम्तीमा ३६ पुगेको र करिब तीन दर्जन घाइते भएको अधिकारीहरूले मंगलबार बताएका छन् । राज्यको राजधानी हैदराबादबाट करिब ५० किलोमिटर (३१ माइल) टाढाको औद्योगिक क्षेत्रमा भएको दुर्घटना स्थलबाट दमकलकर्मीहरूले ३४ जना कामदारका जलेका शवहरू फेला पारेको राज्यका दमकल सेवा निर्देशक जी.भी. नारायण रावले बताए । अन्य दुई कामदारको जलेको अवस्थामा मृत्यु भएको र उनीहरूलाई अस्पतालमा मृत घोषित गरिएको उनले बताए । उनका अनुसार थप कामदारहरू फसेका छन् कि छैनन् भनेर पत्ता लगाउन सिगाची इन्डस्ट्रिजको नष्ट भएको औषधि एकाइको भग्नावशेष हटाउने काम भइरहेको छ । करिब तीन दर्जन घाइते कामदारलाई अस्पतालमा भर्ना गरिएको छ ।

## खेलकुद पत्रकार दिवस मनाइँदै




**पाल्पा, असार १७**/आज विश्व खेलकूद पत्रकार दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष जुलाई २ मा विश्व खेलकुद पत्रकार दिवस मनाउने गरिन्छ । खेलकुद वा स्पोर्टस विटमा कार्यरत पत्रकारहरुको लागि आज विशेष दिन हो ।

खेलकुद पत्रकार दिवस सन् १९९४ बाट मनाउन थालिएको पाइन्छ । सन् १९२४ मा बेलायतमा अन्तर्राष्ट्रिय खेलकुद प्रेस संघ (एआइपिस) स्थापना भएको दिनको स्मरण गर्दै हरेक वर्ष यो दिवस मनाउने गरिन्छ । पेरिसमा सम्पन्न भएको ओलम्पिकको अवसरमा एकै थलोमा भेला भएका खेल पत्रकारहरू मिलेर ९७ वर्षअघि एआइपीएसको स्थापना गरेका थिए । नेपालले सन २००६ मा एआइपिएसको सदस्यता लिएको थियो । अहिले हरेक सञ्चारगृहमा स्पोर्टस एउटा अपरिहार्य विट बनिसकेको छ । खेलकुदका समाचार विना कुनै पनि सञ्चार गृहबाट प्रसारण वा प्रकाशन हुने समाचार पूर्ण हुँदैनन् । विगतमा निकै थोरै संख्यामा मात्र खेलकुद पत्रकारहरु थिए । अहिले सञ्चारमाध्यमको विकास र सञ्चार गृहको संख्या वृद्धि भएसँगै खेलकुद पत्रकारहरु पनि धेरै संख्यामा देखिन थालेका छन् । हरेक मिडिया हाउसको लागि खेलकुद नभइ नहुने विट त बन्यो, तर पनि नेपालको पत्रकारिता र ाजनीतिमा बढी केन्द्रीत रहँदा खेलकुद क्षेत्रका समाचारहरु भने छायाँमा पर्ने गरेका छन् । सबै खेल सम्बन्धित समाचार र घटनाहरू क्रमश: खेल पत्रकारहरुले कभर गरेको इतिहास छ । अहिले आएर डिजिटल युगमा खेलकुद पत्रकारिताको गति र माग निकै बढेको छ ।

## विपद्मा मानवियता

# आगलागी पीडितलाई बस्याल दाजुभाइको सहयोग

**पाल्पा,** असार १७/जिल्लाको बगनासकाली गाउँपालिका -९, पराजुलीटोलस्थित देउराली डाँडाका आगलागी पीडितलाई आर्थिक सहयोग प्राप्त भएको छ । गाउँपालिकाका निवर्तमान अध्यक्ष तथा नेपाली काँग्रेसका महासमिति सदस्य कृष्णप्रसाद बस्याल र उनका भाइ नेपाली काँग्रेस बगनासकाली -९ का वडा सभापति चिन्तामणी बस्यालले आगलागी पीडित सीता पराजुलीको परिवारलाई आर्थिक सहयोग गरेका हुन् ।



बस्याल दाजुभाइले पीडित पराजुलीको घरमै पुगी त्यहाँको अवस्था बुझ्नुको साथै नगद १५ हजार सहयोग गरेका छन् । उनीहरुले पीडितको साथमा हामीसँगै छौं भन्ने आभास दिलाउन सानो भए पनि आर्थिक सहयोग गरेको बताए । सोमबार साँझ भएको आगलागीले पराजुलीको गोठमा ठूलो क्षति पुऱ्याएको छ । बिजुली सर्ट भएर लागेको आगलागीले गोठमा रहेका एक भैंसी र ६ वटा बाख्रा जलेर मरेका थिए । आम्दानीको गतिलो माध्यम बन्दै आएको बाख्रा र भैसी आगलागीमा परेर मरेपछि पराजुली परिवार समस्यामा परेको छ । आम्दानीको स्रोत नै बन्द भएपछि पीडामा रहेको परिवारलाई राहात दिन बस्याल दाजुभाइ घरमै पुगेर नगद सहयोग गर्नुको साथै सम्बन्धित निकायमा सहयोगका लागि पहल गर्ने समेत बताएका छन् । समस्यामा परेका बेला घरमै आएर सान्त्वना दिनुको साथै आर्थिक सहयोग गरेकोमा बस्याल दाजुभाइलाई पीडित पराजुलीले धन्यवाद दिइन् । उनले भनिन् " हाम्रो परिवारको आम्दानीको स्रोत नै बन्द भयो, त्यही एउटा भैसीको दूध, घिउ र बाख्रा बेचेर घरखर्च चलाउँदै आएका थियौं त्यही पनि आगोमा परेर मरे । हामी अति नै समस्यामा थियौं, हाम्रो समस्यालाई बुझेर उहाँहरुले सहयोग गर्नुभयो । यसले हामीलाई राहत र हिम्मत मिलेको छ ।" उनले यो सहयोगले बाख्रा किन्ने बताइन् । पीडितको घरमै पुगेका कृष्ण प्रसाद बस्यालले सहयोग सानो भए पनि दुखमा हामी सँगै छौं भन्ने आभास दिन सहयोग गरिएको बताए । उनले भने "दु:ख परेका बेला सानो भए पनि साथ दिन सक्नु नै हाम्रो कर्तव्य हो ।" विपत्तिले हामीलाई कमजोर बनाउन खोज्छ, तर मानवता, करुणा र एकताको डोरीले हामीलाई अझ बलियो बनाउने बस्यालले बताए । उनले जनप्रतिनिधि हुँदा पनि विपन्न, गरिब, असहाय, विपद्मा परेकाहरुलाई सहयोग गर्ने गर्थे । सामाजिक र राजनीतिक कार्यमा सक्रिय बस्यालले पालिका अध्यक्ष हुँदा आफुले पाउँदै आएको तलव गाउँपालिकाको धार्मिक, शैक्षिक, पर्यटकीय, कृषि, गरिब, विपन्न, असहाय लगायतका क्षेत्रमा खर्चने गरेका थिए । काँग्रेसका वडा सभापति रहेका चिन्तामणी बस्याल पनि राजनीतिक र सामाजिक क्षेत्रमा उत्तिकै सक्रिय छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## खेलकुद पत्रकार दिवसको सान्दर्भिकता

हरेक वर्षा जुलाई २ मा विश्व खेलकुद पत्रकार दिवस मनाउने गरिन्छ । यस वषाएको दिवस आज विभिन्न कार्यक्रम गरी मनाईँदै छ । सन् १९२४ मा बेलायतमा अन्तर्राष्ट्रिय खेलकुद प्रेस संघ (एआइपिस) स्थापना भएको दिनको स्मरण गर्दै हरेक वर्षा यो दिवस मनाउने गरिन्छ ।

खेलकुद वा स्पोर्टस विटमा कार्यरत पत्रकारहरुको लागि आजको दिनलाई विशेष दिनका रुपमा हेर्ने गरिन्छ । खास गरी यो दिवस सन् १९९४ बाट मनाउन थालिएको हो । खेलकुद पत्रकारिता खेलकुदसँग सम्बन्धित समाचार रिपोर्टिङसँग सम्बन्धित पत्रकारिताको एउटा शाखा पनि हो । सबै खेल सम्बन्धित समाचार र घटनाहरू क्रमशः खेल पत्रकारहरुले कभर गरेको इतिहास छ । अहिले आएर डिजिटल युगमा खेलकुद पत्रकारिताको गति र माग निकै बढेको छ । यो सकारात्मक पक्ष हो तर यस्ता प्रतिस्पर्धात्मक समाचारहरू कभर गर्न ठूलो सीप र विशेषज्ञता चाहिन्छ । त्यो भने छैन । दिवस खेलकुद पत्रकारहरुलाई सम्मान गर्न र उनीहरुको कडा परिश्रमको कदर गर्न पहल गर्नु हो । तर त्यो हुन सकिरहेको छैन ।

शान्तिका लागि खेल महत्वपूर्ण छ । सामान्यतः मन बहलाउन, मनोरञ्जन गर्न वा व्यायामका लागि खेल्ने वा कुद्ने कार्यलाई खेलकुद भन्ने गरिन्छ । खेलकुदले मानिसलाई फुर्तिलो र निरोगी बनाउनुका साथै अनुशासित र समूहमा मिलेर काम गर्न सक्ने बनाउँछ । खेलकुदले मान्छे मान्छेबिच सामूहिक भावनाको विकास गराउनुका साथै आपसी प्रतिस्पर्धाको भावना जगाउँछ । सरकारले खेल दिवसका लागि ठूलो मात्रमा बजेट विनियोजन गरे पनि त्यसको सहि सदुपयोग भने हुन सकेको छैन । नेपाली खेलकुदले आफ्नो सफलतामा गर्व गर्न सक्ने क्षण पटक्कै नआएको भने होइन । तर, यस्ता क्षणको साक्षी बन्न पाउने सुखद अवसर आम नेपाली खेल समर्थकले निकै कममात्र पाएका छन् । खेलकुद पत्रकारिता आमपत्रकारिताका अन्य विधा जस्तो सामाजिक अभियान वा सामाजिक उत्तरदायित्वले डोऱ्याउने पत्रकारिता नभएका कारण यसको विकास पनि त्यही रुपमा अगाडि बढेको भेटिन्छ । खेल पत्रकारिताका लागि खेल गतिविधि हुन जरुरी छ । खेल गतिविधि बिना खेल पत्रकारिता असम्भव प्रायः नै छ । पत्रकारिता आफैमा एक चुनौतीपूर्ण पेशा हो । त्यसमा पनि खेल पत्रकारिताका लागि विशेष किसिमको क्षमता र अवस्था आवश्यक हुन्छ । एक्सन ओरिएन्टेड पत्रकारिता हुने भएका कारण खेल पत्रकारिता बचाउन र विकास गर्न खेलकुदकै विकास गर्न आवश्यक छ । यसो गर्न सकियो भने मात्र हरेक वर्षा मनाइने खेलकुद पत्रकारिता दिवसको सान्दर्भिकता देखिन्छ ।

## Opinion @ Social Network

सतह नमिलेको पृथ्वी मा,
मानिसको विचार नमिल्नु सामान्य नै हो ।
*(छाया क्षेत्रीको फेसबुक स्टाटस https://www.facebook.com/chhaya.xettri.992965)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गाउँ छ, मान्छे छैनन् : विस्थापनको यथार्थ



अनन्तप्रसाद घिमिरे

> *यो परिदृश्य केवल एक–दुई गाउँको होइन । देशभरका हजारौं गाउँ आज यही नियतिको साक्षी छन् । कतै घर मात्र छन्, मान्छे छैनन् । कतै बारी मात्र छन्, जोत्नेको अभाव छ । कतै त पूरा गाउँ नै सुनसान छ, जहाँ घाम लाग्छ तर त्यस ठाउँमा घाम ताप्ने मान्छे छैन । के हामी यसलाई 'विकासको नाममा त्यागिएको आत्मा' भन्न सक्दैनौं ? गाउँ रित्तिँदै जानुका कारण छन् । एकातर्फ वैदेशिक रोजगारीको प्रभाव छ, जसले ग्रामीण युवाशक्तिलाई देश बाहिर धकेलिरहेको छ । अर्कोतर्फ, गाउँमा आवश्यक पर्ने पूर्वाधार, सेवासुविधा, अवसर र सम्मान नहुनु पनि ठूलो समस्या हो । आजका युवाहरू गाउँलाई मात्र होइन, गाउँसँग जोडिएको जीवनशैलीलाई नै परित्याग गर्न थालेका छन् । उनीहरूको नजरमा गाउँ 'आफ्नो ठाउँ' भएर पनि, 'छाड्नुपर्ने बाध्यता' भएको छ । यो केवल आर्थिक कारण होइन, सामाजिक र भावनात्मक बिछोड पनि हो । विगतमा एउटा परिवारका चार पुस्ता एउटै छानोमुनि बस्ने गर्थे । अहिले छोराले विदेश रोजेको छ, छोरीले शहर । घरमा बाआमाले छोरा–बुहारीको पर्खाइमा समय बिताइरहेका छन् । उनीहरूका लागि गाउँ फेरि 'घर' बनेको छैन । बाल्यकाल त्यहीँ बिते पनि प्रौढ जीवन शहरतिर मोडिएको छ । यो केवल बसाइँ सराइ होइन, समाजको 'स्मृति विस्मृति' पनि हो । शहरको आकर्षण यसमा अर्को ठूलो कारक हो । शहरमा हुने शिक्षा, स्वास्थ्य, यातायात, इन्टरनेट, मोबाइल, मनोरञ्जन र रोजगारीको उपलब्धताले गर्दा गाउँले जीवनलाई पिछडिएको, असहज र अप्रिय लाग्न थालेको छ ।*

नेपाल एउटा कृषिप्रधान, सांस्कृतिक रूपमा सम्पन्न, प्राकृतिक रूपमा विविधता अनि मानवीय संवेदनामा धनी र सम्पन्न राष्ट्र हो । यहाँका पहाड, तराई, हिमाल, खोल्साहरू मात्र सुन्दर छैनन्, यी भूमि मानिसका गाथाले, पसिनाले र परम्पराले सिँचिएका छन् । तर दु:खको कुरा के हो भने-देशको यही आत्मा, गाउँवस्तीहरू-आज रित्तिँदै गएका छन्, विस्थापनको क्रम दिनप्रतिदिन बढ्दो छ । मानिस बाँचिरहे पनि गाउँ बाँचिरहेको छैन । चौतारी खाली छन्, आँगनमा बालबालिकाको कोलाहल छैन, खेतमा गोरु छैनन् । त्यहाँ झार उमारिएको छ र साँझपख आगो ताप्ने बुढाबुढीको भिड छैन । मानौं गाउँ मृत्युको मौनतामा बाँचेको छ ।

यो परिदृश्य केवल एक-दुई गाउँको होइन । देशभरका हजारौं गाउँ आज यही नियतिको साक्षी छन् । कतै घर मात्र छन्, मान्छे छैनन् । कतै बारी मात्र छन्, जोत्नेको अभाव छ । कतै त पूरा गाउँ नै सुनसान छ, जहाँ घाम लाग्छ तर त्यस ठाउँमा घाम ताप्ने मान्छे छैन । के हामी यसलाई 'विकासको नाममा त्यागिएको आत्मा' भन्न सक्दैनौं ? गाउँ रित्तिँदै जानुका कारण छन् । एकातर्फ वैदेशिक रोजगारीको प्रभाव छ, जसले ग्रामीण युवाशक्तिलाई देश बाहिर धकेलिरहेको छ । अर्कोतर्फ, गाउँमा आवश्यक पर्ने पूर्वाधार, सेवासुविधा, अवसर र सम्मान नहुनु पनि ठूलो समस्या हो । आजका युवाहरू गाउँलाई मात्र होइन, गाउँसँग जोडिएको जीवनशैलीलाई नै परित्याग गर्न थालेका छन् ।

उनीहरूको नजरमा गाउँ 'आफ्नो ठाउँ' भएर पनि, 'छाड्नुपर्ने बाध्यता' भएको छ । यो केवल आर्थिक कारण होइन, सामाजिक र भावनात्मक बिछोड पनि हो । विगतमा एउटा परिवारका चार पुस्ता एउटै छानोमुनि बस्ने गर्थे । अहिले छोराले विदेश रोजेको छ, छोरीले शहर । घरमा बाआमाले छोरा-बुहारीको पर्खाइमा समय बिताइरहेका छन् । उनीहरूका लागि गाउँ फेरि 'घर' बनेको छैन । बाल्यकाल त्यहीँ बिते पनि प्रौढ जीवन शहरतिर मोडिएको छ । यो केवल बसाइँ सराइ होइन, समाजको 'स्मृति विस्मृति' पनि हो । शहरको आकर्षण यसमा अर्को ठूलो कारक हो । शहरमा हुने शिक्षा, स्वास्थ्य, यातायात, इन्टरनेट, मोबाइल, मनोरञ्जन र रोजगारीको उपलब्धताले गर्दा गाउँले जीवनलाई पिछडिएको, असहज र अप्रिय लाग्न थालेको छ ।

शहरले दिने सुविधासँग गाउँ तुलना गर्न नसक्ने अवस्थामा पुगिसकेको छ । गाउँमा बिजुली छ तर चार घण्टामात्रै, इन्टरनेट छ तर घण्टामा पाँच पल्ट बन्द हुन्छ । स्वास्थ्यचौकी छ तर डाक्टर कहिले आउँछन् थाहा छैन, स्कुल छ तर शिक्षक चाहिएको संख्याभन्दा आधा मात्र छन् । यस्तो अवस्थाले गाउँको अर्थतन्त्रमात्र होइन, आत्मबल नै कमजोर भएको छ । त्यसैले ग्रामीण युवाले विकल्प खोज्छन् । वैदेशिक रोजगारी पहिलो प्राथमिकता बन्छ । खेतको जोताइभन्दा दुबईको प्लास्टिक कारखानाको दु:ख सहन उनीहरू तयार हुन्छन् । किनभने त्यस दु:खले पैसा दिन्छ, भविष्य दिन्छ भन्ने भ्रम पलाइसकेको हुन्छ तर त्यसैको असरमा, गाउँमा आम्दानी होइन आत्मीयता हराउँदै जान्छ ।

कृषिप्रतिको नजरिया परिवर्तन हुनु अर्को समस्या हो । आधुनिक समाजले खेतमा पसिना बगाउनेलाई सानो आँखा लगाउन थालेको छ । हामीले 'कमाउने' लाई मात्रै सफल मान्न थाल्यौं, 'पसिना बगाउने' लाई होइन । अनि गाउँका युवाले कुटो, कोदालो होइन, कि-बोर्ड रोज्न थाले । त्यसैले गाउँका पाखापखेरा बाँझिएका छन्, झार अनि बुट्यानले जंगल फष्टाएका छन् । त्यतिमात्रै होइन जंगलमा बस्ने जंगली जनावरहरू गाउँघरतर्फ सोझिएका छन् । बाँदर अनि बँदेलले खेतीपाती नष्ट गर्ने अभियान चलाइरहेका छन् । अझ विडम्बनापूर्ण कुरा के छ भने यो सबै हुनुमा सरकारले पनि पर्याप्त जिम्मेवारी लिएको देखिँदैन । विकास योजना शहर केन्द्रित छन् । ग्रामीण योजनाहरू कागजमा सीमित छन् । गाउँ विकासको नारा दिनु र त्यो कार्यान्वयन नगर्नु बीचको अन्तरले गाउँलाई विस्थापित गरिरहेको छ । ग्रामीण जनताले धेरै कुराहरू 'भए पनि नभएको जस्तो' महसुस गरेका छन् । जस्तो : बाटो छ तर सवारी पुग्दैन, स्कुल छ तर शिक्षक कहिले आउँछन् थाहा छैन, अस्पताल छ तर औषधि छैन । अब समाधानको कुरा गरौं । हामीलाई भावुक भएर 'गाउँ बचाऔं' भन्नेमात्र होइन, प्राविधिक, योजनात्मक र सामाजिक हिसाबले व्यावहारिक उपाय अपनाउनु जरुरी छ । सबैभन्दा पहिले, गाउँमा आधुनिक, प्रविधियुक्त कृषि प्रणालीको विकास गर्नुपर्छ । आजको युवा केवल कुटो, कोदालो चलाउने होइन, ड्रोनमार्फत सिँचाइ गर्ने सोच राख्दछ । त्यसैले कृषि र प्रविधिको आधुनिक विकास गरिनुपर्छ । सरकारी स्तरबाट सहुलियत ऋण, अनुदान, तालिम र उत्पादनको मूल्य सुनिश्चितता गर्न सकियो भने युवालाई गाउँमै व्यवसाय गर्न प्रोत्साहन गर्न सकिन्छ । साथै, गाउँमा गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा पुऱ्याउनु पनि अत्यावश्यक छ ।

यदि गाउँमा राम्रो विद्यालय भयो भने बच्चाहरू शहर जानु पर्दैन । राम्रो स्वास्थ्य सेवा भयो भने बिरामीलाई उपचारका लागि शहर पुऱ्याउनु पर्दैन । सडक, इन्टरनेट र सञ्चारको सुदृढीकरणले गाउँलाई शहरसँग जोड्नु अत्यन्तै जरुरी छ । अर्को महत्वपूर्ण कुरा हो-सामाजिक दृष्टिकोणको परिवर्तन । हामीले आफ्ना सन्तानलाई 'शहर जानु नै सफल हुनु हो' भन्ने सोच सिकाएका छौं । अब यो सोच उल्टाउनुपर्छ । 'गाउँमै रहेर ठूलो कुरा गर्न सकिन्छ' भन्ने भावना विकास गर्नुपर्छ । यसका लागि सफल ग्रामीण उद्यमीहरूको उदाहरण प्रस्तुत गर्न सकिन्छ । उनीहरूको कथालाई विद्यालयका पाठ्यक्रम, सञ्चारमाध्यम, फिल्म वा साहित्यमा समेत प्रस्तुत गर्न सकिन्छ । 'गाउँ फर्कौं' भन्ने अभियान केवल नारामा सीमित हुनुहुँदैन । सरकारले यसलाई व्यावसायिक, रचनात्मक र कार्यान्वयनमुखी बनाउनुपर्छ । वैदेशिक रोजगारबाट फर्किएका युवालाई गाउँमा व्यवसाय गर्न आवश्यक पुँजी, तालिम र बजारको व्यवस्था मिलाउनु आवश्यक छ । यदि उनीहरूले गाउँमै सम्मान, सुरक्षाको भावना र लाभ देखे भने फर्कन कुनै कारण बाँकी रहँदैन । गाउँ रित्तिँदै जानुभनेको केवल बसाइँसराइको परिणाम होइन, त्यो आत्मीयताको बिछोड हो । गाउँले केवल जीवन बिताउने ठाउँ होइन, त्यो त संस्कार बनाउने थलो हो । गाउँ बाँच्दामात्र देश बाँच्नेछ । शहर जतिसुकै झिलीमिली होस्, शहरले कहिल्यै पनि त्यो साँचो 'घर' दिन सक्दैन । त्यसैले, अब पनि हामीले गाउँ फर्कने बाटो समाएनौं भने, भविष्यमा हामीले आफ्ना सन्तानलाई फोटो देखाउँदै भन्नुपर्नेछ, 'यो ठाउँ कहिल्यै मौन थिएन, यहाँ कहिल्यै मानिसको अभाव थिएन ।' त्यो दिन नआओस् भनेर, आज नै निर्णय गरौं- गाउँ फर्कौं, गाउँ बचाऔं । ***(घिमिरे शैक्षिक, धार्मिक एवं सामाजिक अभियन्ताका रूपमा सक्रिय छन् ।)***

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभ कार्यको चर्चा चल्नेछ । प्रेम सम्बन्धमा सामिप्यता बढ्नेछ । | **तुला** : आफन्तहरूबाट सहयोग मिल्नेछ। आयार्जनका नयाँ स्रोतहरू बन्नेछन् । |
| **वृष** : आहारविहारमा ध्यान पुऱ्याउनुहोस्। मनमा दुविधा हुँदाहुँदै कुनै निर्णय नलिनुहोला। | **वृश्चिक** : बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। आस देखाउनेहरूबाट सावधान रहनुहोला। |
| **मिथुन** : चिन्ताबाट मुक्ति मिल्नेछ । क्षमता प्रदर्शन गर्ने अवसर मिल्नेछ । | **धनु** : कार्यहरु सजिलै सम्पादन गर्न सकिनेछ । धर्मकर्ममा मन जानेछ । |
| **कर्कट** : आफन्तहरूसँग मेलमिलाप बढ्नेछ । प्रेममा धोखा मिल्न सक्छ । | **मकर** : माननीयहरूको सहयोग मिल्नेछ। दिगो कार्यको जग बसाउने समय छ । |
| **सिंह** : सुविधामा धन खर्चका योग छन्। धेरै बोल्ने बानीले समस्या निम्त्याउनेछ। | **कुम्भ** : सामाजिक कार्यमा सफलता मिल्नेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। |
| **कन्या** : मनमा हर्ष र उत्साह जाग्नेछ। प्रतिस्पर्धामा सफलता मिल्नेछ । | **मीन** : सन्तानको प्रगतिले मन उत्साहित रहनेछ। कार्यको प्रशंसा हुनेछ । |

## कला मनोरञ्जन

# माग्ने राजाको टिजरले जगायो कौतुहलता

नेपाली हास्यव्यंगय क्षेत्रका सर्वाधिक लोकप्रिय कलाकार केदार घिमिरे 'माग्ने बुढा' पहिचानबाट माथि उठ्दै अब 'माग्ने राजा' को रूपमा दर्शकमाझ आउँदै छन् । सोमबार सार्वजनिक उनको पहिलो मुख्य भूमिकाको फिल्म 'माग्ने राजा' को टिजरले उनको नयाँ यात्रा दमदार हुने संकेत दिएको छ ।



सार्वजनिक टिजर रमाइला र धारिला संवादले भरिएको छ, जसको केन्द्रबिन्दुमा केदार घिमिरे नै छन् । पोस्टरबाटै आफ्नो भिन्न लुक्सका कारण चर्चामा आएका केदारले टिजरमा पनि आफ्नो नयाँ अवतारमार्फत दर्शकमाझ उत्साह थपिदिएका छन् । टिजरको अर्को आकर्षण 'माग्ने बुढा' र 'तक्मे बुढा'को बहुप्रतिक्षित पुनर्मिलन हो। फिल्ममा विल्सन विक्रम राई केदारको भान्जाको भूमिकामा देखिएका छन्। टेलिभिजन पर्दामा दर्शकले औधी रुचाएको यो मामा-भान्जाको जोडीलाई फेरि एकसाथ पर्दामा हेर्नु दर्शकका लागि विशेष हुनेछ । टिजरमा वर्षा सिवाकोटी र शिशिर वाङ्देलको पनि उपस्थिति छ, तर उनीहरूको भूमिकालाई भने निर्माण टिमले गोप्य राखेर कौतुहलता जगाएको छ ।

ऋषि लामिछानेको निर्देशनमा बनेको यो फिल्मलाई आरम्भ प्रडक्सनको ब्यानरमा मुनाल घिमिरेले प्रस्तुत गरेका हुन् । फिल्मको कथा समीक्षक तथा लेखक सामीप्यराज तिमल्सेनाले लेखेका हुन् । फिल्ममा नरेन्द्र मैनालीको छायांकन, सुजिल कर्माचार्यको पार्श्व संगीत र मित्र गुरुङको सम्पादन रहेको छ । फिल्मको आकर्षक टिजर साहिल खानले तयार पारेका हुन् । आगामी भदौ ६ गतेबाट नेपाल र विदेशमा एकसाथ प्रदर्शनमा आउने तयारीमा रहेको 'माग्ने राजा' लाई आरआर फिल्मस्ले वितरण गर्दैछ।

*-रातोपाटी डटकम*

# नेपाली चलचित्र 'आमा'को पोस्टर अब हुलाक टिकटमा

चलचित्र 'आमा'को पोस्टर हुलाक टिकटमा अंकित गरिएको छ । सोमबार चलचित्र विकास बोर्डले २५ औं वार्षिकोत्सवको अवसरमा आयोजित विशेष कार्यक्रममा उक्त घोषणा गरिएको हो ।




'आमा' वि.सं. २०२१ असोजमा प्रदर्शन भएको नेपालको पहिलो चलचित्र हो । हिरासिंह खत्रीले निर्देशन गरेको यस चलचित्रमा शिवशंकर खत्री र भुवन चन्दले मुख्य भूमिका निर्वाह गरेका थिए । सो चलचित्रबाट नै नेपाली चलचित्र उद्योगको सुरुवात भएको मानिन्छ ।

हुलाक सेवा विभागले रु. १० दरका दुईवटा टिकट प्रकाशन गरेको छ। जसमा चलचित्र 'आमा'का नायक र नायिकाको तस्वीर अंकित छ । टिकटको प्रथम दिवसीय आवरणमा विशेष ढाँचा प्रदान गरिएको छ । टिकट अनावरण समारोहमा अभिनेत्री भुवन चन्द, चैत्य देवी, बसुन्धरा भुसाल, सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङ, बोर्ड अध्यक्ष दिनेश डिसी र हुलाक सेवा विभागकी महानिर्देशक मनमाया भट्टराई पंगेनीले संयुक्त रूपमा सहभागिता जनाएका थिए ।

हुलाक सेवा विभागकी शाखा अधिकृत चन्द्रा थापाले टिकटको टाचा तयार गरेकी हुन् । महानिर्देशक पंगेनीले भनिन्, 'यो टिकटले 'आमा'को ऐतिहासिक महत्वलाई विश्वभर पुऱ्याउनेमा हामी विश्वस्त छौं ।'

उनले थपिन्, 'म पनि एक संगीतकर्मी हुँ, गीत लेख्छु र गाउँछु । त्यसैले यो क्षण मेरो लागि पनि विशेष छ । हामी राष्ट्रिय विभूति र महत्वपूर्ण चिजहरूलाई हुलाक टिकटमा समावेश गर्छौं ।' यो टिकटले नेपाली चलचित्रको प्रवर्धनमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

*-अनलाइन खबर डटकम*

# अनुपम खेरको 'तन्वी द ग्रेट' मा आफ्नै भाञ्जीको कथा

अनुपम खेर आफ्नो फिल्म 'तन्वी द ग्रेट' लाई लिएर लामो समयदेखि चर्चामा छन् तर यो उनको निर्देशनमा बनेको पहिलो फिल्म हो । यो फिल्म उनको ड्रिम प्रोजेक्टको हिस्सा हो । चलचित्रको ट्रेलर जुन ३० मा रिलिज भइसकेको छ ।



यस कार्यक्रममा अनुपम खेरले फिल्मको बारेमा धेरै कुरा गरेका छन् । साथै, यस फिल्मका बारेमा धेरै आश्चर्यजनक खुलासा पनि गरेका छन् । उनले 'तन्वी द ग्रेट'को कथाको प्रेरणाको बारेमा पनि बताए । अनुपम खेरको ड्रीम प्रोजेक्ट 'तन्वी द ग्रेट' जुलाई १८ मा थिएटरमा प्रर्दशन हुँदैछ। यो फिल्म एक गायिकाको हो र आफ्नो बहादुर बुबाको अधुरो सपना पूरा गर्न भारतीय सेनामा भर्ती हुन चाहने केटीको बारेमा हो । तर, तन्वीको यो पात्र अटिजम डिसअर्डरको सिकार छिन् । ट्रेलर सार्वजनिक कार्यक्रममा अभिनेताले फिल्मको मुख्य पात्रको बारेमा कुरा गरेका छन्, जसमा उनले 'तन्वी द ग्रेट' आफ्नै भान्जीको कथा भएको बताएका छन् । अनुपम खेरले भने, 'तन्वी मेरो भान्जीको कथा हो, यो आइडिया १३ वर्षकी हुँदा आएको थियो र उनी अहिले १७ वर्षकी भइन् ।' अब ५ वर्षको प्रतिक्षा पछि अभिनेताले यो कथालाई चलचित्रमा ल्याएका छन् । अभिनेताको यो खुलासाले चलचित्रलाई थप रोचक बनाएको छ ।

यो फिल्म कान्स फिल्म फेस्टिभलमा देखाइएको थियो, जहाँ यसले मानिसहरूबाट धेरै प्रशंसा पाएको थियो । फिल्ममा शुभांगी तन्वीको भूमिकामा छिन्। शुभांगी अनुपम खेरको एक्टिंग स्कूलबाट छनोट भएकी हुन् । यस फिल्ममा ज्याकी श्राफ, बोमन इरानी, रुरुकरण ट्याकर, पल्लवी जोशीलगायतका धेरै ठूला कलाकारहरू समावेश रहेका छन् । अभिनेताका फ्यानहरु यो फिल्मलाई लिएर निकै उत्साहित छन् र फिल्मको रिलिजको पनि उत्सुकताका साथ पर्खाइमा रहेका छन् । फिल्म निर्देशन र निर्माणका साथै अनुपम खेरले यसमा कर्णेल प्रताप रैनाको भूमिका पनि निभाएका छन् ।

*-डिसीनेपाल डटकम*

# 'डल्ले खोला' : नेपाली ग्रामीण समाजको ऐना

खोटाङको उत्तरी भेगमा एउटा खोला छ । नाम हो, डल्ले खोला । हिउँदमा फड्के लाग्ने यो खोलाले वर्षायाममा यस्तो रौद्ररूप लिन्छ, मान्छे नबगाएको साल हुँदैन । पाखापाखा पुग्ने खोलाले गाउँलेको नुनतेल रोकिदिन्छ । सदरमुकाम जान अवरोध गर्छ ।



गाउँलेको वर्षौंदेखिको एउटै चाहना छ, यो खोलामा पुल बनोस् । हरेक वर्ष खोलाले ज्यान लिनेक्रम बन्द होस् । हरेक वर्ष कसै न कसैको परिवारले आफ्नो सदस्य गुमाउनु नपरोस् । मलायाको भूपू लाउरे सदरमुकाम पुग्छन् । सरकारी अड्डामा खोलाले प्रत्येक वर्ष ज्यान लिइरहेको वास्तविकता सुनाउँछन् । डल्ले खोलामा पुल जसरी पनि बनाउनैपर्ने बताउँछन् । सरकारी कार्यालयका कर्मचारी न परे, किन सुन्थे सुक्खा कुरा ! बजेट छैन भनिदिन्छन् । तर, मलायाको लाउरेले लामो भाषण छाँटे । टुटेफुटेको अंग्रेजी घुसाए । विदेशी विकासको कुरा सुनाए । २० हजार मागेकामा सकारी कार्यालयका हाकिमले एक हजार रुपैयाँ निकासा गरिदिए । बाँकी किस्तामा ६ महिनापछि दिने बताए ।

भूपू लाउरेले सदरमुकामबाट हजार रुपैयाँ बजेट ल्याएको खबरले गाउँलेमा उत्साह छायो । श्रमदान गर्न स्थानीय तयार भए । सरकारी पैसा पुल बनाउन प्रयोग गरिएको भन्दै नेपाली कागजमा ल्याप्चे हानिदिए । श्रमदानले खोलामा पुल बनेजस्तो देखियो । तर, जसरी वर्षा दोहोरियो, त्यसैगरी डल्ले खोलामा पाखापाखा चढ्यो । पुल बग्यो । अनि, गुह्य कुरा पत्ता लाग्यो, भूपू लाउरेको छोरीको बिहे सात दिनसम्म कसरी चल्यो ? सुँगुर र रक्सीमा गाउँ कसरी डुब्यो ? उनले सरकारी अड्डाबाट पुल बनाउन भनेर ल्याएको हजार रुपैयाँले छोरीको बिहे गरेको रहस्य खुल्यो ।

डल्ले खोलाछेउमा गाउँ छ । खेतबारीका पाटाहरू सुक्खा । खोलामा पानी खेर गइरहेको छ । तर, गाउँले पानीको अभावमा खेतीबाली लगाउन पाउँदैनन् । जुवामा अधिकांश अचल सम्पत्ति समेत डुबाइसकेको शिववहादुरले एक दिन सपना देख्यो । डल्ले खोलाले उसलाई भन्यो, 'तिमीले यस वर्ष धेरै जुवा हाऱ्यौ, तर यसको चिन्ता तिमीले लिनु पर्दैन । दुईचार गरा खेत र सानो झुप्रो तिम्रो बाँकी नै छ । फेरि एकपटक तिमीले मलाई कुलाहरूमा लगेर बाँडिदेऊ । म त्यहाँ तिमीसँग उभिन्छु, तिमीसँग मिसिन्छु ।' अनि शिवबहादुर पुग्छन्, सदरमुकाम भूपू लाउरे दाइको पदचाप पछ्याउँदै । अड्डमा हाकिम उही थिए । पारा उस्तै थियो, सुस्त ।

भाषण दिन थाले शिवबहादुर- हाकिम साहेब, डल्ले खोलामा पुलका लागि गएको रकम पूरै हिनामिना भयो । त्यहाँ पुलको नामोनिसान केही छैन । यसमा पूरा कारबाही हुनुपर्छ । अब डल्ले खोलामा एउटा बाँध बनाई कुलो निर्माण हुनु जरुरी छ । हाम्रा पाखाहरू कुलाबिना त्यसै परिरहेका छन्, त्यहाँ पानी पुऱ्याउनुपर्छ । त्यहाँ धान उब्जाउनुपर्छ । सधैं खाद्यान्नको अभावलाई हामीले कति स्वीकारिरहने ? सारा गाउँका मान्छेहरूले श्रमदान गर्छन् हाकिम साहेब ! त्यो कुलो तीन महिनाभित्रमा नै पूरा हुनुपर्छ । मलाई खालि दश हजार भए पुग्छ ।

सरकारी अड्डा र तीनका हाकिमको नाडी छामेका शिवबहादुरलाई पैसा कसरी निकासा गराउने भन्ने भलिभाँती थाहा थियो । उसले थोरै संकेत के दिएको थियो, हाकिमको चाल फेरियो । १५ हजार निकासा भएको कागजी सम्झौतामा हस्ताक्षर गरेर १० हजार लिएर गाउँ फर्किए ।

गाउँलेका ओठमा फेरि मुस्कान देखियो । फेरि श्रमदान सुरु भयो । कुलो खनियो । तर, प्रोपर इन्जिनियरिङबिनाको कुलोमा कसरी आउँथ्यो पानी ? आएन । फेरि त्यहाँ हिनामिना भयो । शिवबहादुरले जुवा खेलेर पैसा सके । न पुल बन्यो न कुलो । तर, बजेट सकियो । गाउँलेका दुःख सकिएन । जोखिम सकिएन ।

डल्ले खोलालाई विम्बका रूपमा उभ्याएर लेखक परशु प्रधानले समाजमा कसरी भ्रष्टाचार हुन्छ भन्ने देखाएका छन् । गाउँसमाजमा हामीले विश्वास र भरोसा गरेका व्यक्तिहरूले नै कसरी भ्रष्टाचार गरिरहेका छन् भन्ने देखाउन लेखकले डल्ले खोलालाई विम्ब बनाएका छन् । भ्रष्टाचार सधैं राजनीतिज्ञबाट मात्र होइन, समाजका टाठाबाठाले पनि गरिरहेका छन् भन्ने यसमा देखाइएको छ । आफ्नै गाउँठाउँमा भइरहेको भ्रष्टाचार टुलुटुलु हेरेर मौन बस्ने नागरिक पनि यसका हिस्सेदार हुन् भन्ने सन्देश लेखक प्रधानले दिन खोजेको कथालाई 'डल्ले' खोला नाटकमा रूपान्तरण गरिएको छ । भ्रष्टाचार गर्ने मात्र दोषी नभई त्यसविरुद्ध औंला नउठाएर मौन बस्ने पनि यसका अंशियार हुन् भन्ने नाटकले सन्देश दिएको छ ।

एक थिएटर नेपालले प्रस्तुत गरेको नाटकमा पूर्वी पहाडमा रहेको राई जातिको संस्कार र संस्कृति देखाइएको छ । राईको लबजमा रहेको नाटकले समग्र पूर्वी पहाडलाई बोकेको छ । खोटाङको जनजीवन देखाइएको नाटकले समग्र नेपाली ग्रामीण जीवनशैलीलाई प्रतिविम्बित गर्छ । भूपू लाउरेको संवादले बेलाबेलामा हँसाउँछ । 'ग्रे जोन'मा रहेको उनको चरित्रले घरी हँसाउँछ, घरी आवेग सिर्जना गर्छ । उनले बीचबीचमा घुसाउने अंग्रेजी शब्दले कमेडीको काम गर्छ । सन्देशसहित आउने हाँसो नाटकको सबल पक्ष हो । पृष्ठभूमिमा बजेर बेलाबेलामा 'फेड' हुने संगीतले नाटकलाई बलियो बनाएको छ ।

नाटकमा केही कमजोरी पनि छन् । वेदना राईले निर्देशन गरेको नाटक नेपाली भाषामै छ । राई समुदायको बाहुल्य समाजको कथा भने पनि उनले नेपाली भाषामा नाटक तयार पारेकी छन् । लबज मात्र राईको छ । तर, कतिपय अवस्थामा संवाद बुझिँदैन । सबै गीत आफ्नै, नयाँ र मौलिक प्रयोग गर्न सकिने ठाउँ थियो । त्यसलाई नजरअन्दाज गरिएको छ । कतै प्रयोग भइसकेको गीतका ठाउँमा विषय सुहाउँदो आफैं निर्माण गर्न सकिन्थ्यो । त्यसले नाटकलाई अझै बलियो र मौलिक बनाउँथ्यो । नाटक जति धेरै सरल र सहज त्यति राम्रो हुन्छ । नाटक निर्माण गर्दा निर्देशकले जति धेरै 'डिटेल'मा ध्यान दिन्छन्, त्यति सबल हुन्छ । 'डल्ले खोला'मा यसको केही अभाव देखिन्छ । केही कमजोरीका बाबजुद 'डल्ले खोला' नेपाली समाजको ऐना हो । *-बाह्रखरी डटकम*

# बल्छीले प्रदर्शन मितिसहित घोषणा गरे 'गोबर गणेश'

टेलिभिजन सिरियलका दर्शकमाझ चर्चित कलाकार मरिचमान श्रेष्ठ (बल्छी धुर्बे) फिल्म 'गोबर गणेश' निर्माणको तयारीमा छन् ।




उनको निर्देशनमा बन्न लागेको फिल्मको मंगलबार औपचारिक घोषणा गरिएको छ । बल्छी धुर्बे फिल्मसको प्रस्तुति रहने फिल्मको रिलिज मिति समेत तय गरिएको छ । फिल्म माघ १ गतेदेखि प्रदर्शनमा आउनेछ । 'मेरी बास्सै' बाट दर्शकमाझ लोकप्रिय बनेका मरिचमान पछि आफै टेलिचलचित्र निर्देशनमा आएका थिए । उनका टेलिचलचित्र 'हल्का रमाइलो' र 'जुठे' दर्शकमाझ लोकप्रिय छन् । अहिले उनले पहिलोपटक फिल्ममा पाइला चालेका हुन् । मरिचमान आफैं भने आफूले निर्देशन गर्ने फिल्ममा अभिनय गर्नेछन् वा छैनन् उनले खुलाएका छैनन् । फिल्मको अभिनेत्रीमा वर्षा सिवाकोटी अनुबन्धित भइसकेकी छन्। यस्तै अन्य कलाकारहरूमा पदम तामाङ, सन्तोष बानिया, माओत्से गुरूङ, सीतादेवी तिमल्सिना, पुजन घिमिरे (पुकु) लगायत छन् । सीतादेवी हास्य कलाकार केदार घिमिरेकी श्रीमती हुन् ।

पुजन 'हल्का रमाइलो' सिरियलकी कलाकार हुन् । पदम र सन्तोष 'होस्टल ३' बाट चर्चामा आएका कलाकारहरू हुन् । निर्माणपक्षले कलाकारबारे आधिकारिक जानकारी भने दिएको छैन । निर्देशक मरिचमानले कलाकार र प्राविधिकको नाम विस्तारै सार्वजनिक गर्दै जाने बताए । उनले भने, 'अहिलेलाई टाइटल घोषणा गर्दै रिलिज डेट लक मात्रै गरेका हौं। हाम्रो फिल्मको कथा के हो पनि हामी आगामी दिनमा खोल्दै जाने नै छौं । तर, जनरा भने नामबाटै प्रष्ट भइसकेको छ, हामी हसाउन आउने हो। कमेडीको जगमा गोबर गणेश आउनेछ ।'

टौवा स्टुडियोको पब्लिसिटी डिजाइन रहने फिल्मको डिजिटल पार्टनरमा ओएसआर डिजिटल छ । नेपालमा यो फिल्मको वितरण श्री ब्याकटेस इन्टरटेनमेन्टले गर्नेछ ।

*-सोतोपाटी डटकम*

# झोलुङ्गे पुलले छोटियो यात्रा, स्थानीयमा खुसी



**गुल्मी,** असार १७/वर्षौंदेखि खोलामा पुल नहुँदा स्थानीयले पाँच मिनेटको दूरीमा पुग्न पनि घण्टौं समय खर्चिनु पर्दथ्यो । वारिपारि गर्नु परेमा वर्षाको समयमा जोखिम मोलेर खोला तर्नु पर्थ्यो । त, अहिले भने पाँच मिनेटको दूरीमा सहजैसँग स्थानीय वारिपारि गर्दै आएका छन् ।

दुई वडाका गाउँ जोड्नका लागि पुलले निकै सहज बनाएको छ । रुरुक्षेत्र गाउँपालिका-१ र २ अन्तर्गत थोर्गा तथा ग्वादीको बीचमा झोलुङ्गे पुल निर्माण भएसँगै स्थानीय यतिबेला खुसी बनेका छन् । पुल बनेपछि वारिपारि गर्न र अर्मपर्म गर्न, बिहे भतेर र आपद्विपद्मा गाउँलेलाई एकापसमा सहयोग गर्न सजिलो बनाएको छ । लुम्बिनी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत एक करोड ८६ लाखको लागतमा रुरुक्षेत्रमा उक्त पुल निर्माण गरिएको हो । झोलुङ्गे पुलले पालिकाको वडा नं १ को गोलपोखरी र वडा नं २ को चौर फाँटलाई जोडेको छ । झोलुङ्गे पुलले दुई गाउँलाई नजिक बनाउनाका साथै किसानलाई उत्पादित कृषिजन्य सामग्री बजारसम्म पुर्याउन थप सहज भएको गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले बताए । स्थानीय तह निर्माणपछि रुरुक्षेत्रमा मात्रै ग्वादीसहित छम्दी, तालखोला र गोलपोखरी-बैंसीकाचौर गरेर चारवटा झोलुङ्ग पुल निर्माण भइसकेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले बताए । पुलको अभावमा विद्यार्थी नहुँदा थोर्गाको कालीगण्डकी प्राथमिक विद्यालयलाई रिडीमा समायोजन गर्नुपर्ने अवस्था बनेको थियो । विद्यार्थीलाई विद्यालय पुग्न डेढदेखि दुई घण्टा पैदल हिँड्नुपर्ने बाध्यता थियो । अहिले ग्वादीका विद्यार्थी पुल तर्ने बित्तिकै बस चढ्न पाउँने स्थिति बनेको रुरुक्षेत्र-२ ग्वादीका बासिन्दा ६६ वर्षीय त्रिलोचन ज्ञवालीले बताए । रामकृष्ण एसआरजेभीले निर्माण गरेको उक्त पुलको लम्बाइ ३४२ मिटर र उचाइ १३७ मिटर रहेको छ ।

*-रासस*

## बगनासकाली गाउँ सरकारको...

...पालिकाले आउने आर्थिक बर्षदेखि मध्यमकालीन खर्च संचरनालाई आधार बनाएर बजेट र कार्यक्रम बनाउने अध्यक्ष दर्लामीले बताईन् । पालिकाको दिगो वित्तिय योजना, दीर्घकालीन दिगो आर्थिक अनुशासन र स्थायीत्व कायम गर्न, क्षमता आधारित बजेट निर्माण, कार्यक्रमको नतिजा हेरेर स्रोत बाँडफाँट गर्न, सेवा प्रवाहमा स्थायित्व ल्याउन, शिक्षा, स्वास्थ्य, कृषि जस्ता सेवामा निरन्तरता र स्थायित्व प्रदान गर्न पालिकाले मध्यमकालीन खर्च संरचना निर्माण गरेको गाउँपालिका उपाध्यक्ष हरि प्रसाद पाठकले बताए । उनले नीति कार्यक्रम र बजेटबाटै कार्यान्वयन गर्ने संरचनाले पालिकालाई बाटो देखाउने बताए । मध्यमकालीन खर्च संरचना निर्माणबाट सरकारका नीतिहरू र लक्ष्यहरूलाई कार्यान्वयन गर्न, विकास साझेदारहरूको विश्वास जित्न, नीति, योजना र बजेटलाई एकै ढाँचामा ल्याउने काम भएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत खेमराज छिनालले बताए । मध्यमकालीन खर्च संरचनाको माध्यमबाट सरकारको स्रोत व्यवस्थापनलाई पारदर्शी, प्रभावकारी र परिणाममुखी बनाउँदै दीर्घकालीन विकास लक्ष्य हासिल गर्न सहयोग पुग्ने लेखा अधिकृत कोशलराज पौडैलले बताए । छलफलमा सहभागी वडाध्यक्षहरूले मध्यमकालीन खर्च संरचना प्रतिवेदनको अध्ययन गरेर आवश्यक सुझावहरु राख्ने बताए । आगामी दिनमा प्रतिवेदनलाई आधार बनाएर नै वडामा योजना संकलन, बजेट निर्माणमा ध्यान दिने वडाध्यक्षहरूले बताए ।

पाल्पा विकास केन्द्रको प्राविधिक सहयोगमा बगनासकाली गाउँपालिकाले ३ बर्षे मध्यमकालीन खर्च संरचना निर्माण गरेको हो । हरेक पालिकाले विकास योजना र वार्षिक बजेट बीच सन्तुलन र समन्वय कायम गर्न मध्यमकालीन खर्च संरचना निर्माण गरी बार्षिक रुपमा अध्यावधिक गर्नु पर्ने संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले नीतिगत व्यवस्था गरेको छ ।


सुरक्षित गर्भपत महिलाको प्रजनन् अधिकार

असुरक्षित गर्भपतन रोक्ने हाम्रो अधिकार

"भेदभाव र लाञ्छना रहित सुक्षित गर्भपतन सेवा र सूचनामा युवा तथा वयस्क महिलाको पहुँच पुर्‍याऔं ।"

परिवार नियोजनका साधन प्रयोग गर्न पाउने साथै सूचिकृत सेवा केन्द्रमा सुरक्षित गर्भपतन गराउन पाउने नागरिकको प्रजनन् अधिकार हो भनी नेपालको संविधानमा स्पष्ट व्यवस्था भईसकेकोले गर्भपतनका कारणले हुने भेदभाव र लाञ्छना हुन रोकौं र सबैलाई जानकारी गराऔं ।

FPAN नेपाल परिवार नियोजन संघ

पाल्पा शाखा तानसेन

सम्पर्क : ०७५-५२०७२३


खेलकुद समाचार

## भुटानमाथि नेपालको फराकिलो जित



**काठमाडौं, असार १७**/रौनक श्रीवास्तवको शानदार शतकपछि बलरहरूको शानदार प्रदर्शनमा नेपालले एसीसी मेन्स यू-१६ इस्ट जोन क्रिकेटअन्तर्गत समूह चरणको अन्तिम खेलमा भुटानमाथि फराकिलो जित निकालेको छ । नेपालले दिएको ३५९ रनको विशाल लक्ष्य पछ्याएको भुटानले ३२.४ ओभरमा ९ विकेट गुमाएर ६० रन मात्र बनाएपछि नेपालले २९८ रनको जित निकालेको हो । नवौं विकेट खसेपछि पानी पनि पर्न थालेको थियो भने अन्तिम ब्याटर ब्याटिङमा नआउने भएपछि खेल सकिएको घोषणा गरियो । भुटानका सेजाङ दावाले सर्वाधिक १४ रन बनाए । उगेन केल्जाङले १० रन बनाए । नेपालका लागि कप्तान बिपिन प्रसाद शर्माले १० ओभरमा ६ मेडन राख्दै ७ रन मात्र दिएर ४ विकेट लिए । सचिन भट्टले ८ ओभरमा ५ मेडन राख्दै १५ रन दिएर २ विकेट लिए । सुयोग भट्टराईले पनि २ विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले ५० ओभरमा ५ विकेट गुमाएर ३५८ रनको विशाल योगफल खडा गरेको थियो । यो प्रतियोगितामा यो दोस्रो सर्वाधिक स्कोर हो । यसअघि नेपालले नै इन्डोनेसियाविरुद्ध ४२० रनको योगफल बनाएको थियो । रौनकले १३२ बलमा १६ चौका र ५ छक्कासहित १६८ रन बनाए ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## पेट्रोलियम पदार्थको मूल्य बढ्यो



**पाल्पा, असार १७**/नेपाल आयल निगमले पेट्रोलियम पदार्थको खुद्रा मूल्यमा वृद्धि गरेको छ । इण्डियन आयल कर्पोरेसनबाट प्राप्त नयाँ खरिद मूल्य अनुसार मंगलबारदेखि लागू हुनेगरी पेट्रोलमा प्रतिलिटर ५ रुपैयाँ, डिजेलमा प्रतिलिटर ४ रुपैयाँ र मट्टितेलमा प्रतिलिटर ४ रुपैयाँ बढाएको हो ।

एलपी ग्यासको खुद्रा बिक्री मूल्य भने यथावत् राखिएको निगमले जनाएको छ । भाउ बढेपछि काठमाण्डौ, पोखरा र दिपायल क्षेत्रमा अब पेट्रोलको भाउ एक सय ६५ रुपैयाँ तथा डिजेल र मट्टीतेलको भाउ एक सय ४९ रुपैयाँ पुगेको छ । यस्तै सुर्खेत र दाङ क्षेत्रमा पेट्रोलको भाउ एक सय ६४ रुपैयाँ तथा डिजेल र मट्टीतेलको भाउ एक सय ४८ रुपैयाँ पुगेको छ । चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज क्षेत्रमा भने पेट्रोलको भाउ एक सय ६२ रुपैयाँ ५० पैसा तथा मट्टीतेल र डिजेलको भाउ एक सय ४६ रुपैयाँ ५० पैसा पुगेको छ । यसैगरी हवाइ इन्धनको भाउ पनि आन्तरिकतर्फ प्रतिलिटर सात रूपैयाँले तथा अन्तर्राष्ट्रियतर्फ प्रतिकिलोलिटर ५१ डलरले बढेको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१८६४, ५२१८६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई